# लुङ्ग्री गाउँपालिकाको आर्थिक वर्ष

# २०८०।०८१ को

# बजेट बक्तव्य

लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

२०८०।०३।१०

# आर्थिक वर्ष २०८०।८१ को बजेट बक्तव्य

**गाउँ सभाका सभाध्यक्षज्यू,**

**तथा सदस्यज्यूहरू,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भइ गठन भएको गाउँसभामा दोस्रो पटक आर्थिक वर्ष २०८०।८१ को बजेट पेश गर्न पाउँदा गौरव महशुस गरिएको छ। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संवैधानिक रुपमा सार्वभौम अधिकारको प्रत्याभूती गरेको छ। नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरकारसँग नागरिकका अधिक अपेक्षाहरू रहेका छन्। उक्त अपेक्षाहरुको संवोधन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ।

सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू संवोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, पन्ध्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी प्रस्तुत बजेट तयार गरिएको छ। बजेट निर्माणमा महत्वपूर्ण सुझाव तथा सल्लाह दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गरिएको छ।

**सभाका सभाध्यक्ष महोदय,**

**अव म चालु आर्थिक २०७९।८० को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु।**

चालु आर्थिक वर्षमा संशोधन सहित रु ५३ करोड ३० लाख ३५ हजार रुपैयाको बजेट विनियोजन भएकोमा हालसम्म ३३ करोड ४५ लाख ४१ हजार अर्थात ६२.७६ प्रतिशत खर्च भएको छ। उक्त खर्च आर्थिक वर्षको अन्तिम सम्ममा ९५ प्रतिशत खर्च हुने अनुमान रहेको छ। कुल खर्चमा चालु खर्च ६७.२३

प्रतिशत तथा पुँजीगत खर्च ५६.३७ प्रतिशत रहेको छ। संघीय सरकारबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदान १ करोड २२ लाखले कमी भएका कारण खर्चको स्रोतमा चाप पर्न सक्ने देखिएको छ।

**अव म आर्थिक बर्ष २०८०।८१ को बजेटको उद्देश्य तथा प्राथमिकता पेश गर्न अनुमती चाहन्छु।**

बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

१. पूर्वाधार तथा आर्थिक विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्ने
२. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने
३. शैक्षिक क्षेत्रको गुणस्तरलाई अभिवृद्धि गर्ने
४. कृषि तथा पशुपालन क्षेत्रको विकासको लागि रणनीतिक योजनाका साथ कार्य गर्ने
५. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने।

**सभाध्यक्ष महोदय,**

**अव म आर्थिक वर्ष २०८०।८१ को बजेटका प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।**

१. कृषि क्षेत्रको विकास गर्दै रोजगारी सिर्जना तथा गरिवी निवारणमा जोड दिने
२. शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउदै थप सुदृढ बनाउने
३. विकासमा जनसहभागिता अभिवृद्धि गर्ने
४. कला संस्कृतिको सम्मान तथा जगेर्ना गर्ने
५. क्रमागत तथा दिगो रणनीतिक विकासका योजनाहरूको कार्यान्वयन गर्ने
६. स्वास्थ्य सेवालाई गुणस्तरीय तथा भरपर्दो बनाउने
७. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास गरी सेवाग्राही मैत्री बनाउने

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८०।८१ को लागि लुङ्ग्री गाउँपालिकाको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु ८ करोड ६६ लाख, सशर्त अनुदान चालु रु १६ करोड ५६ लाख, पुँजीगत ६० लाख , विशेष अनुदान १ करोड ५० लाख, समपुरक अनुदान ५० लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने ९ करोड ४१ लाख ७० हजार, प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान ५९ लाख २९ हजार, सशर्त चालु ६ लाख ५० हजार, सशर्त पूँजीगत ६० लाख तथा समपुरक अनुदान १ करोड, राजश्व बाँडफाँड ३६ लाख ५७ हजार

५ सय उनान्सय, गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व ५० लाख र गत वर्षको बाँकी मौज्दात अनुमानित ८० लाख गरी जम्मा रु ४१ करोड १६ लाख ६ हजार ५ सय ९९ रुपैया अनुमान गरिएको छ। जसमा सशर्त अनुदानका आयोजना बाहेक वडा समितिलाई २ करोड ३१ लाख, शिक्षा युवा तथा खेलकुल शाखा अन्तर्गत २ करोड ५ लाख, स्वास्थ्य शाखा अन्तर्गत ३० लाख, कृषि विकास शाखा १५ लाख, पशु विकास शाखा १५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ४ लाख, महिला बालबालिका शाखाको लागि १० लाख विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८०।८१ को लागि विनियोजित कार्यक्रमको संक्षिप्त विवरण सभासमक्ष पेश गर्न अनुमती चाहन्छु।**

## कृषि तथा पशु

१. **"कृषि तथा पशु विकासमा अभिवृद्धि लुङ्ग्री गाउँपालिकाको समृद्धि"** भन्ने मूल नाराका साथ कृषि तथा पशु विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि तथा पशु विकास सम्बन्धी साझेदारी कार्यक्रम मार्फत गाउँपालिकाको कृषि तथा पशु विकास क्षेत्रको गाउँपालिकाको ७० प्रतिशत र साझेदार हेफर प्रोजेक्ट नेपालको ३० प्रतिशत लगानी हुनेगरी रु १ करोड रकम विनियोजन गरिएको छ। तरकारी तथा बाख्रा पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइएको दिइएको छ। जसको लागि रु १२ लाख विनियोजन गरिएको छ।

२. पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ। कृषि तथा पशुपंछि र मत्स्य सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ। किसान सूचीकरण कार्यक्रमलाई थप वडामा विस्ता गरी अभियानको रुपमा सञ्चालन गरिनेछ।

३. कृषि पेशालाई व्यवसायिक रुपमा अगाडी बढाइ गाउँपालिकामा नमूना कृषकको रुपमा रहेका कृषकलाई उत्कृष्ट कृषकको रुपमा सम्मान गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

४. कृषि बालीमा जैविक विषादी प्रयोगलाई प्रोत्साहन गर्न तालिम सञ्चालन गरिनेछ।

५. मौरिपालन व्यवसायलाई प्रवर्द्धन गर्न कृषक लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। मौरिपालन व्यवसायलाई प्रवर्द्धन गर्न रु ५ लाख विनियोजन गरिएको छ।

६. कृषि तथा पशुपंछि क्षेत्रको समग्र विकासको लागि २ करोड ३१ लाख विनियोजन गरिएको छ।

## सडक तथा भौतिक पूर्वाधार

१. गाउँपालिकाका मुख्य मुख्य सडकहरूको नियमित मर्मत तथा सम्भार गरिने छ। मुल सडकहरूलाई नियमित रुपमा मर्मत तथा सम्भार गर्न सडक मर्मत सम्भार कर्ता खटाइनेछ।

२. ऐपे मनेकोट मोटरबाटो निर्माणको लागि प्रदेश सरकारको सशर्त अनुदानबाट रु २० लाख विनियोजन गरिएको छ।
३. गाउँपालिकाका तथा संघीय सरकारको साझेदारीमा निर्माणाधीन झोलुङ्गेपुलहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
४. गाउँपालिकाको निर्माणाधीन प्रशासकीय भवन निर्माण कार्यलाई स्थानीय पूर्वाधार विकास कार्यक्रम समेतको लगानीमा निर्माण सम्पन्न गरिनेछ। भवन निर्माणमा रकमको अभाव हुन नदिन २ करोड ५० लाख विनियोजन गरिएको छ।

**स्वास्थ्य**

१. सिर्प स्वास्थ्य चौकी भवन निर्माणको लागि संघीय सरकारको समपुरक अनुदान समेत गरी रु १ करोड विनियोजन गरिएको छ।
२. स्वास्थ्य क्षेत्रको समग्र सुदृढीकरणको लागि संघीय सरकारको विशेष अनुदानमा रु १ करोड ५० लाख विनियोजन गरिएको छ। उक्त रकम सबै स्वास्थ्य संस्थाहरूको भौतिक तथा आन्तरिक स्रोत साधनको व्यवस्थापन लगायत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नमा लगानी गरिनेछ।
३. स्वास्थ्य संस्थाको लागि आवश्यक औषधि खरिद गर्न बजेट व्यवस्था गरिएको छ।
४. गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा व्यवस्था गरिनेछ।
५. गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्य गरिनेछ। स्वास्थ्य कर्मचारिको दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ। स्वास्थ्य संस्थाको रिक्त स्थायी दरबन्दीमा स्थायी पदपूर्ती गरिनेछ।
६. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि ३ करोड ८० लाख बजेट विनियोजन गरिएको छ।

**शिक्षा**

१. शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गर्न आवश्यक प्रकृया अगाडी बढाइनेछ। विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ।
२. विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
३. उत्कृष्ट विद्यार्थी शिक्षक र विद्यालयलाई सम्मान गरिनेछ।
४. तोकिएका विद्यार्थीको दिवा खाजा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
५. विद्यालयको समग्र शैक्षिक सुधारको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।
६. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

७. गाउँपालिका अनुदानका सबै तहका शिक्षकहरूलाई १ महिनाको पारिश्रमिक बरारबरको चाडपर्व खर्चको व्यवस्थापन गरिएको छ।
८. विद्यालय कर्मचारीहरूको पारिश्रमिकमा मासिक १ हजारका दरले थप गरिएको छ।
९. बालविकास प्रावि घोराढुङ्गा, बराह श्रेत्र मा वि तथा युवा वर्ष आ वि को विद्यालय भवन प्रदेश सरकारको समपुरक अनुदानमा निर्माण गरिनेछ। उक्त विद्यालयहरू निर्माण गर्न प्रति विद्यालय ५० लाख विनियोजन गरिएको छ।
१०. शिक्षा क्षेत्रको लागि गाउँपालिको तर्फबाट २ करोड ५ लाख विनियोजन गरिएको छ। साथै संघ र प्रदेशको सशर्त अनुदान समेत गरी शिक्षा क्षेत्रमा १४ करोड ४ लाख बजेट विनियोजन गरिएको छ।

**कला, संस्कृति तथा पर्यटन**

१. गाउँपालिकाम रहेका सम्पूर्ण कला तथा संस्कृतिको संरक्षण तथा जगेर्ना गरिनेछ।
२. सम्पूर्ण सहिद प्रति सम्मान अभिवृद्धि गर्न सहिद गेट निर्माण कार्यको थालनी गरिनेछ।
३. गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव मार्फत पर्यटन प्रवर्द्धनका कार्य गरिनेछ।
४. कला साहित्यको संरक्षण तथा प्रवर्द्धन गर्न कला साहित्य जगेर्ना सम्बन्धी कार्यक्रम गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**सामाजिक सुरक्षा तथा लैङ्गिक समानाता**

१. जेष्ठ नागरिक तथा अशक्तको लागि घरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थाको लागि बैंकसँग समन्वय गरी वितरण कार्यलाई निरन्तरता दिइनेछ।
२. बालबालिका, विपन्न महिला, दलित, अपाङ्ग, सहिद तथा घाइते परिवार लक्षित आयआर्जन तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। जसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
३. गाउँपालिकालाई बालबालिका मैत्री बनाउन आवश्यक कार्य तथा सरोकारवाला नियकायसँग समन्वय गरिनेछ।
४. स्वास्थ्य विमा कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
५. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरिनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिनेछ। विपद् व्यवस्थापनलाई संवोधन गर्न रु १० लाख विनियोजन गरिएको छ।
६. गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन गाउँपालिकाबाट रु ५ लाख विनियोजन गरिएको छ।

७. बाल विवाह न्यूनीकरण गर्न रणनीतिक योजना बनाइ कार्यान्वयन गरिनेछ।
८. लैङ्गिक हिंसा न्यूनीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## युवा, रोजगारी तथा खेलकुद

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक क्षेत्रमा केन्द्रित गरिनेछ। जसको लागि उक्त कार्यक्रमसँग आवश्यक बजेट साझेदारी गरिनेछ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि ७६ लाख बजेट विनियोजन गरिएको छ।
३. युवा उद्यमी विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गरिनेछ।
४. युवाको लागि नवीन सीपमूलक तालिम सञ्चालन गरिनेछ।
५. गाउँपालिकामा खेलकुदको विकास गर्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।
६. विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्न रु १६ लाख बजेट विनियोजन गरिएको छ।

## सुशासन

१. गाउँपालिकाको संस्थागत सुशासन अभिवृद्धि गर्न नियमित रुपमा सार्वजनिक सुनुवाइको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। नागरिकको सुसुचित हुन पाउने सूचनाको हकको सम्मान गरिनेछ।
२. विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औल्याइएको बेरूजू रकम असुलीको कार्यलाई प्राथमिकताका साथ गरिनेछ।
३. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण लागू गरिनेछ। कर्मचारीहरूको कार्यविवरण बनाउनुका साथै कार्यसम्पादन करार अनिवार्य गरिनेछ। करारका कर्मचारीहरू समेतको कार्यसम्पादन मुल्याङ्कनको थालनी गरिनेछ। कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवा सुविधाको व्यवस्था हुने गरी करार सम्झौता गर्ने व्यवस्था मिलाइनेछ। कार्यसम्पादन मुल्याङ्कनमा उच्च अंक प्राप्त गर्ने कर्मचारीहरूलाई थप सेवा सुविधा वृद्धि गरिनेछ। गाउँपालिकाको आन्तरिक क्षमता तथा कार्यबोझ समेतलाई मध्यनजर गरी आवश्यक कर्मचारी पदपूर्तीको कार्य गरी सहज रुपमा सेवा प्रवाहको व्यवस्था गरिनेछ।

## राजश्व प्रशासन

१. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरिनेछ। करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ। सम्पूर्ण वडा कार्यालयहरू मार्फत कर चुहावटलाई न्यूनीकरण गर्न आवश्यक कार्य गरिनेछ। राजश्व प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ। सम्पूर्ण वडा कार्यालयहरूको राजश्वको क्षमताको मूल्याङ्कन गरिनेछ। आर्थिक वर्ष २०८०।८१ को

लागि प्रश्ताविक कर तथा राजश्वका दरहरू केही परिमार्जन सहित आर्थिक विधेयकमा प्रशताव गरिएको छ।

अन्त्यमा, आर्थिक वर्ष २०८०।८१ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, घाइते तथा सहिद परिवार, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।।।**

दिल कुमारी गुरुङ
उपाध्यक्ष
लुङ्ग्री गाउँपालिका